# माउन्टेन हाइड्रो नेपाल लि.

**काठमाडौं–१३, ताहाचल**

**फोन नं. ०१५९०३४४२**, E-mail : mountainhydronepal@gmail.com

## आठौं वार्षिक साधारणसभा सम्वन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०९/०२**

यस कम्पनीको मिति २०८०/०९/०१ मा बसेको संचालक समितिको निर्णय अनुसार कम्पनीको आठौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका बिषयहरु माथि छलफल र निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**बाार्षिक साधारण सभा हुने मिति, स्थान र समय**

**मिति** : २०८०/०९/२३ गते सोमबार

**स्थान** : कालिमाटि व्याङ्क्युट (कालिमाटी सीता पेट्रोल पम्प सँगै)

**समय** : बिहान १०:०० वजे।

**छलफलका विषयहरुः**

१) अध्यक्षज्युबाट आ.व.२०७९।८० को कम्पनीको बार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो माथि छलफल तथा स्वीकृत गर्ने।

२) लेखा परिक्षकको प्रतिवेदन सहीतको आ.ब.२०७९।८० को वार्षिक आर्थिक विवरण (वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह लगायतका वित्तिय विवरणहरु) माथि छलफल र स्वीकृत गर्ने।

३) कम्पनीको आ.व. २०८०।८१ को लागि लेखापरिक्षक नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने।

४) विविध।

**विषेश प्रस्तावहरुः**

१) यस कम्पनीले अरु कुनै जलविद्युत आयोजनालाई प्राप्ति गर्ने तथा एक आपसमा गाभ्ने सम्बन्धमा।

२) कम्पनीको हकप्रद शेयर जारी गर्ने सम्बन्धमा।

३) संचालकको भत्ता तथा अन्य सुविधा सम्बन्धमा।

## बार्षिक साधारणसभा सम्बन्धि जानकारीहरु

१) आठौं वार्षिक साधारणसभा प्रयोजनको लागि कम्पनीको मिति २०८० पुस १३ गते देखि २०८० साल पुस २३ गते सम्म शेयरको दर्ता किताव दाखिल खारेज बन्द रहनेछ। किताव बन्द भएको अघिल्लो दिन अर्थात मिति २०८०/०९/१२ गते सम्म नेपाल स्टक एक्सचेन्जमा कारोबार भई कायम रहनुभएका शेयरधनिहरुले सभामा भाग लिन सक्नुहुनेछ।

२) आठौं वार्षिक साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधी नियुक्त गर्न चाहने शेयरधनीहरुले कम्पनी ऐनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिकामा रहेको प्रतिनिधी पत्र (प्रोक्सी) फारम अनुसार सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधि नियुक्ती गरि कम्पनीको कार्यालयमा पेश गर्नु पर्नेछ। तर प्रतिनिधी नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी गरेमा प्रतिनिधी पत्र स्वतः बदर हुनेछ।

३) एक भन्दा वढि व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्बसम्मतबाट प्रतिनिधी चयन गरिएको १ जनाले मात्र वा लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ। कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधीले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ।

४) कुनै शेयरधनि महानुभावहरुले छलफलका विषयहरुमध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्वन्धि कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्य दिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ। तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा वहसको रुपमा समावेश गर्ने वा नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहित हुनेछ।

५) मिति २०८०/०९/२३ गतेका दिन विहान १०:०० बजे देखि सभा स्थलमा उपस्थिती खुल्ला हुनेछ। वार्षिक साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण देखाई सभा स्थलमा रहेको उपस्थिती पुस्तीकामा हस्ताक्षर गरि उपस्थिती जनाउनु पर्नेछ।

६) कम्पनी ऐन २०६३ वमोजिमको आ.ब.२०७९।८० को वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन तथा साधारण सभा सम्वन्धित अन्य कुराहरु र निर्वाचन सम्वन्धि जानकारी कम्पनीको प्रधान कार्यालय ताहाचल, कालिमाटी, काठमाडौंबाट उपलव्ध हुने छ। उल्लेखित विवरणहरु कम्पनीको आधिकारीक Web Site: www.mhnl.com.np बाट समेत प्राप्त गर्न सक्नु हुनेछ।

**संचालक समिति**

**माउन्टेन हाइड्रो नेपाल लि.**